आज मिति २०७६/१०/१३ गते सोमबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ८० औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमको प्रस्ताप उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ नं. वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर ब्रहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थित**

| | |
|---|---|
| श्री गोकुल प्र. सँग्रौला | प्रशासन शाखा |
| प्रकाश चौधरी | इन्जिनियर |
| श्री बन्धु राई | सब-इन्जिनियर |
| वीरबहादुर लिम्बु | योजना शाखा |
| कमल प्र. भण्डारी | का.स |

प्रस्तावहरु

१. प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको लागी योजना पेश गर्ने सम्बन्धमा।
२. वडा नं. २ वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
३. सेवा करार म्याद थप सम्बन्धमा ।
४. गाउँपालिका भित्र आवश्यक पक्की मोटरेवल पुल माग सम्बन्धमा ।
५. झोलुङ्गे पुल हटाउन सिफारिस दिने सम्बन्धमा ।

निर्णयहरु

१। नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विभाग प्रादेशिक एबम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय ईकाई ललितपूरको सार्वजनिक सूचना प्रथम पटक प्रकाशित मिति २०७६/०९/२१ अनुसार स्थानीय तहले आफ्नो केन्द्र जोडने एउट सडक निम्न सडक पहिचान गरी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउने निर्णय गरियो ।

निम्न

| क्रसं. | प्रस्तावित सडक योजनाको नाम | कैफियत |
|---|---|---|
| १. | पशुपतिनगर-फाटक-गोर्खे-माने डाँडा वाङ्गिन-जोगमाई अँधेरी हुँदै गुम्वाडाँडा नयाँबजार प्याङ पञ्चमी ईङला- सन्दकपुर सडक स्तरोन्नती | |

२। माईजोगमाई गाउँपालिकाको वडा नं. २ साविक जोगमाई गाउँ विकास समितिको कार्यालय भवन निर्माणको लागी साविक जिल्ला प्राविधिक कार्यालय ईलाम र माई भगवती निर्माण सेवा ईलाम विच ठेक्का सम्झौता रु २९ लाख ८० हजार ८ सय ५३ रुपैयामा भएको। उक्त भवनको निर्माण कार्य मिति २०७३/३/२१ देखि शुरु भई १५ महिना भित्रमा कार्य सम्पन्न हुनु पर्नेमा मूलुकको संरचना परिवर्तनको कारणले प्राविधिक कठिनाई भई उक्त कार्य समयमा सम्पन्न नभएको । स्थानीय पुर्वाधार विकास तथा कृषि सडक विभागको परिपत्र वमोजिम जिल्ला प्राविधिक कार्यालय ईलामले मिति २०७५/२/१० गते यस स्थानीय तहलाई उक्त कार्य सम्पन्न नभएको योजनाको फायल हस्तान्तरण भई आएपनी उक्त योजनाको लागी बजेट व्यवस्थापन नभएको । यस गाउँपालिकाको आ.व. २०७६/०७७ मा गाउँसभावाट उक्त योजनाको लागी कार्यक्रम तथा बजेट समेत विनियोजन भएको । निज निर्माण व्यवसायिले कार्य सम्पन्न गर्न म्याद थपको लागी निवेदन समेत पेश गरेको । माथीका आधारहरुको अध्ययन गरी उक्त योजनाको कार्य सम्पन्न गर्न साविककै निर्माण व्यवसायीलाई तोकिएको सर्त र सम्झौता बमोजिम साविककै दररेटमा कार्य सम्पन्न गर्ने गरी मिति २०७७/२/१५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

३। यस गाउँपालिकाको आ.व २०७६/०७७ को गाउँसभाको स्वीकृतिबाट सेवा करारमा कार्यरत रहेका कर्मचारीहरुको नियमानुसार आ.व. २०७७ असार मसान्त सम्म म्याद थप गरी कामकाजमा खटाउने निर्णय गरियो साथै सो को अनुमोदनको लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

४। यस माईजोगमाई गाउँपालिका भित्र आवश्यक निम्न पक्की मोटरेवल पुलको लागी सम्बन्धित निकायमा माग लेखि पठाउने निर्णय गरियो ।

| क्रसं. | मोटरेवल पुलको नाम | पुल रहेको स्थान | माग गर्ने निकाय |
|---|---|---|---|
| १. | मैयु खोला मोटरेवल पक्कि पुल (फिक्कल देखि माईजोगमाई गापाको केन्द्र नयाँबजार जोडने सडक खण्डको मैयु खोलामा पर्ने )। | सुर्योदय न.पा. वडा नं. १ र ३ जोडने | भौतिक पुर्वाधार विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर |
| २. | भोटेसाँधु मोटरेवल पक्की पुल | माईजोगमाई वडा नं. २ र सुर्योदय वडा नं. १ | भौतिक पुर्वाधार विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर |

५। साविक जोगमाई गाविस वडा नं. ४ र ५ जोडने जोगमाई खोलामा निर्माणाधिन अवस्थामा रहेको पक्कि मोटरेवल पुलको निर्माण कार्य सम्पन्न हुन लागेको अवस्थामा उक्त पुल नजिकै रहेको झोलुङ्गे पुलले मोटरेवल पक्की पुंलको क्षेत्राधिकार भित्र परि सडक सूचारु गर्न गम्भिर रुपमा बाधा पुगेकोले उक्त झोलुङ्गे पुल हटाउन सम्बन्धित निकायमा सिफारिस पठाउने निर्णय गरियो ।